थाहामा 'मेयर वडास्तरीय तरकारी पकेट प्याकेज' । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-२८ ● २०८० माघ ०८ गते सोमबार, ● 22 Jan., 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## पालुङ जेसिजको पदस्थापना




पालुङ जेसीजको १४ पुसमा सम्पन्न साधारण सभाबाट वर्ष २०२४ को लागि अध्यक्ष रायमाझीसंगै २ कार्यकारिणी उपाध्यक्ष र ४ उपाध्यक्ष निर्वाचित भएका थिए ।

◆ विकास संवाददाता

पालुङ जेसीजको २४ औं पदस्थापना एवम् पुरस्कार बितरण कार्यक्रम भएको छ । २ माघमा थाहानगरको जेसीज हलमा थाहा नगरपालिकाका प्रमुख बिष्णु बहादुर बिष्टको प्रमुख आतिथ्यतामा पदस्थापना एवम् पुरस्कार बितरण कार्यक्रम भएको हो । प्रमुख अतिथि बिष्टले युवाहरूको नेतृत्व क्षमताको विकासका लागि जेसीजसंग समन्वय र सहकार्य गर्न आफु तयार रहेको बताए ।

कार्यक्रममा बर्ष २०२३ का अध्यक्ष संगम कार्कीले वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीलाई पदभार हस्तान्तरण गरेका हुन् । कार्यक्रमकै अवसरमा वर्ष २०२३ मा संस्थाका पदाधिकारी र सहयोग गर्ने संघ संस्थाहरूलाई सम्मान एवम् पुरस्कार बितरण गरिएको थियो । यसैगरी पदस्थापन कै क्रममा वर्ष २०२४ का लागि निर्वाचित अध्यक्ष निरज र ायमाझीलाई बर्ष २०२३ का अध्यक्ष संगम कार्कीले र बर्ष २०२४को पदाधिकारीहरूलाई निर्वाचित अध्यक्ष रायमाझीले पद तथा गोपनियताको सपथग्रहण गराएका थिए। पालुङ जेसीजको १४ पुसमा सम्पन्न साधारणसभामा वर्ष २०२४को लागि अध्यक्ष रायमाझीसंगै कार्यकारिणी उपाध्यक्षमा नारायण तामाङ, मान सिं दोङ र उपाध्यक्षमा स्मिता बिष्ट, बिस्मिता गोपाली, बिराज थापा, नारायण कार्की निर्वाचित भएका थिए ।

वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीले बर्ष २०२४ लाई सफल बनाउने प्रतिबद्धता सहित पालुङ जेसीजको बिधान अनुसार कानुनी सल्लाहकारमा सुबिन्द्रमान प्रधान, महासचिवमा बिक्रम गोपाली, कोषाध्यक्षमा संजय गोपाली, जनसम्पर्क अधिकारीमा शुसान्त गोपाली, शाखा सम्पादकमा अन्जय प्रधानलाई मनोनित गरेका छन् । त्यस्तै बर्ष २०२४ को तालिम आयुक्तमा अजित कार्की, प्रकरण निर्देशकमा प्रकाश बहादुर चन्द, सचिबमा रोशनी गोपाली र सहकोषाध्यक्षमा अजय कार्कीलाई मनोनित गरेकाछन ।

अध्यक्ष रायमाझीले बर्ष २०२४ का लागि अध्यक्ष पदमा उम्मेद्वारी दिएको अवस्थामा आफुले सार्वजनिक गरेको कार्यक्रमहरूलाई कार्यान्वयन गरी सन् २०२४ लाई उत्कृष्ठ बर्ष बनाउन प्रतिबद्ध रहेको बताए । पदस्थापन कार्यक्रममा थाहा नगर पालिकाका उपप्रमुख भरत गोपाली, थाहा नगर उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष कबिराज खत्री, हेटौंडा जेसीज बर्ष २०२४ का अध्यक्ष बिकेशलाल श्रेष्ठ, चैनपुर जेसीज बर्ष २०२३ का अध्यक्ष गणेशदर्पण अधिकारी, पालुङ जेसीजका संस्थापक अध्यक्ष, पूर्व अध्यक्षहरू लगायत स्थानीय संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू आथित्यता रहेको थियो ।

### मकवानपुर जिल्लास्तरीय भलिबल

## विनयबाबुलाई उपाधि




विकास संवाददाता
थाहानगर

मकवानपुर थाहानगरको चित्लाङमा सञ्चालित २७ औं जिल्लास्तरीय भलिबल प्रतियोगिताको उपाधि विनयबाबु स्मृति प्रतिष्ठानले हात पारेको छ । थाहा नगरपालिका वडा नम्बर २ को विनयबाबु स्मृति प्रतिष्ठानले हेटौंडाको छहारी युवा समाजलाई सोझो सेटमा पराजित गरेको हो । विनयबाबुले छहारीलाई २५-१९, २५-२२ र २७-२५ को अन्तरले पराजित गरेको हो ।

विजयी भएसंगै विनयबाबु स्मृति प्रतिष्ठानले नगद ६० हजार १ रूपियाँ नगद पुरस्कारसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता छहारी युवा समाज हेटौंडाले ३० हजार रूपियाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र र प्रतियोगितामा तेस्रो हुने खेलकुद विकास समिति चित्लाङले नगद २० हजार रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र पाएको छ । मकवानपुरका १५ वटा टिमले प्रतियोगितामा सहभागिता जनाएका थिए ।

पुरस्कार वितरण समारोहमा वेस्ट स्पाइकर छहारीका निश्चल रानामगर घोषित भए भने वेस्ट सेटर पनि छहारीकै निश्चल काउचा घोषित भए । वेस्ट लिब्रोमा विनयबाबुका उज्वल लामा, बेस्ट ब्लकर विनयबाबुकै उपास विष्ट र वेस्ट प्लेयर पनि विनयबाबुकै निराजन गुरूङ घोषित भए । वेस्ट कोचमा विनयबाबुका शंकर कार्की घोषित भएको विराजन बस्नेतले जानकारी दिए ।

प्रतियोगिताका विजयी तथा उपविजेता टिमलाई मकवानपुर क्षेत्र नम्बर २ का सांसद महेश कुमार बर्तौलाले पुरस्कार वितरण गरेका थिए। चित्लाङको स्वच्छन्द भैरव युवा क्लवको आयोजनामा २५ पौषबाट सुरू भएको प्रतियोगिताको पुरस्कार वितरण समारोह क्लबका अध्यक्ष पुण्यमान बलामीको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा कार्यक्रममा थाहा नगर पालिकाका विभिन्न वडाका अध्यक्ष तथा जनप्रतिनीधिहरू, स्थानीय संघ संस्थाका प्रतिनीधिहरू, प्रहरी लगायतकाको उपस्थिती रहेको थियो ।

## माघ १६ शहीद स्मृति अन्तराष्ट्रिय मकवानपुर गोल्डकप फुटबल सुरू

छैठौं संस्करणको स्थानीय तह शहीद स्मृति अन्तराष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता १६ माघबाट सुरू हुने भएको छ ।

हेटौंडा-६ स्थित गौरीटार रंगशालामा हुने प्रतियोगिता २७ माघसम्म सञ्चालन हुने आयोजक मकवानपुर जिल्ला फुटबल संघले ५ माघमा हेटौंडामा पत्रकार सम्मेलन गरेर जानकारी दिएको हो । बागमती प्रदेश सामाजिक विकास मन्त्रालय तथा मकवानपुर का १० वटै स्थानीय तहको मुख्य प्रायोजनमा हुने प्रतियोगिताको यस संस्करणमा देशका चर्चितसहित १२ वटा फुटबल क्लवको सहभागिता रहने जनाईएको छ ।

हेटौंडा उपमहानगरपालिका १९ नम्बर वडाको सार्वजनिक सन्देश

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरू समयमै सम्बन्धित वडा कार्यालयहरूमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।

हेटौंडा उपमहानगरपालिका, १९ नम्बर वडा कार्यालय, मकवानपुर



# कहाँ छ सुशासन ?

## • सम्पादकीय •

### बजेट कार्यान्वयनमा स्थानीय सरकारमा पनि संघकै रोग

स्थानीय तह अर्थात स्थानीय सरकारले गाउँपालिका/नगरपालिका तहमा वर्षमा दुई वटा अधिवेशन (सभा) गर्नुपर्ने कानूनी प्रावधान छ । यहि तालिकालाई पक्रिदै पालिकाहरुले पौष र माघ महिनामा गाउँ/नगर सभा गर्ने गरेका छन् । अझ धेरैजसोले पुस महिनामै सभा सञ्चालन गर्ने गरेका छन् । हिउँदे अधिवेशनको रुपमा स्थानीय सरकारले सञ्चालन गर्ने यस सभालाई विधानसभा पनि भनिन्छ । यस सभाले कानूनहरु पारित गर्ने गर्दछन् । यद्यपि यस सभाले पालिकाको बजेट संशोधन तथा रकमान्तरको काम पनि गर्दछ । अझ यस सभामा पालिकास्तरमा के गरियो, के गरिएन, जस्ता सवालहरुमा समिक्षा पनि हुने गर्दछ । सभामा योजना कार्यान्वयन तथा योजना कार्यान्वयन तालिकाको विषयमा पनि छलफल हुन्छ । यो सभा समिक्षात्मक पनि हो । स्थानीय तहहरुले प्रत्येक वर्षको बजेट कार्यान्वयन तालिका निर्माण गरेका हुन्छन् । प्रत्येक वर्ष विनियोजित बजेट कार्यान्वयन गराउँदै नागरिक समक्ष विकास पुर्‍याउने लक्ष्य राखेका पालिकाहरुको पौष मसान्त र माघको पहिलो सातासम्मको तथ्याङ्क हेर्ने हो भने ३० प्रतिशत पनि काम भएका हुँदैनन् ।

सवाल हो बजेटको कार्यान्वयनमा इमानदारिताको र जवाफदेहिताको सन्दर्भ । कार्यान्वयन समुचितरूपमा हुन सकेमा यस्ता कार्यतालिकाहरू प्रभावकारी नै होलान् । तर आजको सवाल हो जतिसुकै कार्यतालिका बनाइए पनि त्यसको कार्यान्वयन सही प्रकारले भएन भने त्यसको अर्थ रहँदो रहेनछ । बजेटमा लेखिएका भनिएका कुरा सही मानेमा कार्यान्वयनमा आउन भनेर असार मसान्तमा जारी हुने बजेट जेठ १५ भित्र संघीय सरकारले, १ असारमा प्रदेश र असार मसान्तसम्म स्थानीय तहले घोषणा भइसक्ने भनेर कानूनमै लेखियो । यसको उद्देश्य असारे विकासलाई रोक्नु र पुँजीगत खर्चको प्रतिशत बढाउने भन्ने थियो । संविधान जारी भएपछि आठवटा बजेट आए । असार पनि आठ वटा नै बिते । तर यता न पुँजीगत खर्च बढ्यो न असारे विकास नै रोकियो । वर्षभरिभन्दा त्यो एक महिना र त्यसको पनि एक सातामा धेरै गुना बढी खर्च भएको भनेर कागजमा देखाइने परम्परालाई असारे विकास भनेर नामकरण गरिएको हो । तर दुःखद् पक्ष के हो भने संविधानमा नै लेखिएको तालिकाअनुसार पनि काम भएन । बजेटमा पुँजीगत खर्चको विनियोजन नै कम हुनु र खर्च अझ घट्नु बजेटको विशेषताजस्तै भएको छ । गएको असारमा पनि त्यस्तै भयो र आउँदो असारमा पनि त्यही हुनेवाला छ । दशकदेखि नै यस्तो कुरा दोहोरिरहेको पाइन्छ । प्रत्येक वर्षको बजेटमा पुँजीगत खर्च बढाइने भनिन्छ र यता मध्यावधिमा त्यस्तो लक्ष्य घटाइन्छ । अनि वर्षान्तमा त्यो घटेको लक्ष्य पनि पुग्दैन । विभिन्न समयमा गरिएका अध्ययनहरूले बजेटले गरेको व्यवस्था कार्यान्वयनमा नआउनुको प्रमुख कारणमा यसबारे कसैलाई पनि जवाफदेही नबनाइनुलाई मुख्य मानेको छ । निर्धारित समयमा निर्धारित कार्यक्रम समयमा सम्पन्न नहुँदा राज्य र नागरिक दुवैलाई नोक्सानी हुन्छ ।

नागरिकले सेवा पाउँदैन भने राज्यले त्यही कामका लागि दोब्बर–तेब्बर बढी खर्च गर्नुपर्छ । यस्तो संवेदनशील विषयमा राज्यका कुनै पनि बेतनभोगी पदाधिकारी जवाफदेही हुनुपर्दैन भने त्यस्तो बेला बनाइएका यस्ता तालिकाले के गर्छ ? यस्तै अवस्था चल्ने हो भने बजेटमा बनाइएको तालिकाले के सुधार ल्याउला ? यस विषयमा संघीय सरकार मात्र होइन नागरिकसंग दिनदिनै साक्षात्कार गरेर विकासमा हातेमालो गर्ने स्थानीय सरकारहरु अन्यको तुलनामा थप जवाफदेही हुनुपर्दछ । तसर्थ, योजना तर्जुमा गर्ने, बजेट विनियोजन गर्ने कार्यानवयन कार्यतालिका बनाउन तर कार्यान्वयन नगर्ने थितिले असारे विकास मौलाउँछ यो कसैको पनि हितमा हुँदैन ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



◆ हरि गौतम

केही समयअघि वीरगन्ज सुक्खा बन्दरगाह कार्यालयमा लामो समयदेखि बवारिसे अवस्थामा रहेका करिब ३५० कन्टेनर खोलिए, कन्टेनर खोलिँदा आश्चर्यको अवस्था थियो । अधिकांश कन्टेनरमा बिल बिजकभन्दा फरक सामान आयात गरिएको थियो ।

४० फिटे कन्टेनरको पहिलो लहरमा बिल बिजक अनुसारको सस्तो सामान, दोस्रो र तेस्रो लहरमा महँगो सामान रहेको थियो । यी कन्टेनर छुटेका भए सिधै ग्रिन च्यानलबाट बिल बिजक अनुसारको सस्तो भन्सार तिरी बजार जाने थिए । भन्सारमा व्यवसायीको सहजताका लागि ग्रिन, एल्लो र रेड च्यानल खडा गरिएको हुन्छ । ग्रिन च्यानलबाट जाने सामानको ट्रक खोलिँदैन, चेक गरिँदैन । अर्थात् सोझै बिल बिजक अनुसार भन्सार पास हुन्छ ।

यसो हेर्दाखेरि व्यवसायीलाई सहुलियत दिन यो व्यवस्था गरे जस्तो गरे पनि माफिया र भ्रष्ट कर्मचारीको ठूलो साँठगाठ अनुसार वर्षौंदेखि सस्तो बिल बिजकको नाममा महँगो सामान ग्रिन च्यानलबाट सामान पास गराएर अर्बौंको राजस्व चोरी भइरहेको रहेछ । यो कुनै एक पक्ष वा व्यक्तिले गर्न सक्ने विषय भएन । यसमा राज्य सञ्चालनका भ्रष्टहरू, माफियाहरू र भन्सारमा खटिएका भ्रष्ट कर्मचारी बिचको साँठगाँठ नभई सम्भवै छैन । तर यसमा कुन समयमा को को संलग्न थिए भन्ने खोज्न केही प्रमाण छैन । तैँ चुप मै चुपको अवस्था छ ।

गत हप्ता सङ्घीय वन मन्त्रालयमा अनौठो दृश्य देखियो । मन्त्रालयको मन्त्री कक्षमा वनमन्त्री, सत्तारूढ दलका एक सांसद, सचिव, सह–सचिव, महानिर्देशकसहित करिब १५–२० जना थिए । सांसद भन्दै थिए, 'यो काम नभए म यहीँ अनशन बस्छु, तपाईंहरूलाई पनि जान दिन्नँ, काम आजै हुनुपर्छ भएन भने यसको कागज यही जलाउँछु ।'

मन्त्री निरीह भएर सुनिरहेका थिए । भएको के रहेछ भने आजभन्दा चार वर्षअघि बूढानीलकण्ठमा करिब साढे तीन अर्ब रूपैयाँको लागतमा एक भव्य होटल खोल्न वातावरण मूल्यांकनका लागि वन मन्त्रालयमा निवेदन दिइएको रहेछ । वन मन्त्रालले अनेकौँ बहानामा यो काम गरेन । प्रक्रिया पुर्‍याएर निवेदन दिएपछि काम हुने आशामा लगानीकर्ताले लगानी गर्दै गए । चार वर्ष बित्यो, वन मन्त्रालय काम गर्दैन । सयौँ रोजगारी सिर्जना हुने, पर्यटन विकासमा टेवा पुग्ने, स्थानीय उत्पादन खपत हुने यो आयोजना सबै दृष्टिबाट उपयुक्त आयोजना थियो । अब लगानीकर्ता बिचल्लीमा परे, उनको केही लाग्दैन र सांसद गुहारे ।

अचम्मको कुरा त वनमन्त्री भन्दै थिए, 'खरदारले गरेन, सुब्बाले गरेन, मैले भनेको कोही मान्दैनन्, म अब कुर्सीमा बस्नलायक रहिनँ' आदि आदि । दृश्य यस्तो थियो कि मन्त्रालय मन्त्रीले नचलाएर कसले चलाउँछ थाहा छैन । हालसालै एउटा समाचार आयो, यातायात विभागबाट एक लाखभन्दा बढी लाइसेन्सहरू परीक्षा नै नलिई गैरकानुनी तरिकाले वितरण गरियो । वर्षौंदेखि त्यहाँका महानिर्देशकसहित भ्रष्ट कर्मचारीको काम गैरकानुनी लाइसेन्स वितरण गर्नु र घुस खानु रहेछ । एक दिन वा एक वर्षमा त लाखभन्दा बढी लाइसेन्स त्यसरी वितरण हुँदैन, अनि यातायातको सम्पूर्ण भ्रष्ट संरचना संलग्न नभई यो सम्भव छैन । म यातायात सेवासँग नजिक छु । त्यहाँ बिचरा एउटा गरिब केटाले हेभी गाडीको लाइसेन्स पाउन डेढ लाखसम्म घुस खुवाउनुपर्छ । सहायक चालक हुँदै ड्राइभर भएका कति युवाले गाडी चलाउन त सक्छन् तर घुस खुवाउन नसकेर विदेश गएका छन् । हरेक सवारीको अलग–अलग घुसको दर छ, न्यूनतम स्कुटरमा १० हजारदेखि सुरू हुन्छ । सत्तासीनहरू सबैलाई यो थाहा छ । सबै राजनीतिक दलहरूलाई पनि थाहा छ, तर उनीहरू यसबाट कमिसन लिन्छन्, प्रक्रिया सुधार्दैनन् । यातायात क्षेत्रमा परीक्षा पास गरेको डेढ वर्षसम्म लाइसेन्स पाइँदैन ।

केही वर्षहिले एक मन्त्रीले करोडौँ कमाउने लोभमा अनावश्यक रूपमा जग्गाको कित्ताकाट रोक्का गरे । भूमिसुधार मन्त्रालयले कित्ताकाट नगर्ने निर्णयको परिपत्र गर्‍यो, तर कहीँ पनि कित्ताकाट रोकिएन र हरेक दिन भएका कित्ताकाटको रेकर्ड मन्त्रालयमा गयो । पहिलेभन्दा बढी कित्ताकाट हुन थाल्यो, तर आफूले रोकेको कित्ताकाट कसरी हुन गयो भनेर कहिल्यै सोधखोज भएन । अब कित्ताकाटमा महँगो घुसको दर कायम भयो । सहरी क्षेत्रमा एक कित्ताकाटमा २५ हजारदेखि दुई लाखसम्म घुसको रेट कायम भयो भने ग्रामीण क्षेत्रमा ५० हजारसम्म । राज्यलाई यो सबै थाहा छ, यहाँ अख्तियार छ, सतर्कता केन्द्र छ, मन्त्रालयले आफैँ कारबाही गर्न सक्छ, तर खै किन हो सबै तैँ चुप मै चुप भए ।

वि.सं. २०७१ सालमा सरकारले पुराना बक्यौता कर उठाउने प्रयोजनका लागि लुम्बध्वज खाँडको अध्यक्षतामा तीन सदस्यीय कर फर्स्योट आयोग गठन गर्‍यो । आयोगले सही काम गरेन र अर्बौं कमाउने राजस्व गैरकानुनी रूपबाट छुट दिएको आरोप लागि विशेष अदालतमा मुद्दा चल्यो । विशेष अदालतले १० अर्बभन्दा माथि भ्रष्टाचार गरेको ठहर गर्‍यो । नेपालको इतिहासमा ठूलो भ्रष्टाचार काण्डमध्ये यो पनि एक हो । राजनीतिक तहको संलग्नताबिना यो भ्रष्टाचार सम्भव छैन भन्ने कुरा घामजस्तै छर्लङ्ग छ ।

भुटानी शरणार्थीको अर्को दुःख छ । बहालवाला गृहमन्त्री, गृहसचिव, पूर्वउपप्रधानमन्त्री, पूर्वगृहमन्त्रीसहित उच्च पदस्थहरू मिलेर नेपालीलाई भुटानी भनी बेच्ने कतिसम्म घृणित कार्य थियो त्यो केस ? यो केस साम्य नभएसम्म ठूला र ाजनीतिक दलमा अभूतपूर्व एकता देखियो । हरेक दिन उनीहरू आपसमा खुला तथा गोप्य भेटघाट, छलफल गर्न थाले । सञ्चारको यस्तो विकास भएको अवस्थामा उनीहरूको छटपटी सबैले बुझ्ने नै भए । त्यस्तै ललिता निवास जग्गा प्रकरण पनि राजनीतिक नेतृत्वको घिनौलो कार्य थियो । जसमा एक पूर्वमन्त्री र एक बहालवाला सर्वोच्चका न्यायाधीशलाई जोगाउन घुस लिएको जग्गा फिर्ता गरियो । भ्रष्टाचारको फायल अख्तियारले कमजोर बनायो, सीबीआईले संगठित अपराधमा मुद्दा चलाउन अनुसन्धान गरेको फायल सरकारी वकिललाई प्रभावमा पारेर संगठित अपराधमा मुद्दा नचलाई मुद्दा कमजोर बनाइयो र अन्तिममा यो छानबिन त्यसै फासफुस भएर जाने प्रबल सम्भावना छ । एयरपोर्ट वा उत्तरी नाकाबाट हुने सुन तस्करीमा मुख्य राजनीतिक दल नेकपा माओवादीका शीर्षस्थ नेताको प्रत्यक्ष संलग्नता देखिन्छ । नेपाल वायुसेवा निगममा एक अध्यक्ष थिए, खाने खुवाउने मामिलामा माहिर । उनले अनेकौँ प्रपञ्च गरेर सम्पूर्ण स्वार्थ समूह, उच्च राजनीतिक नेतृत्व, माफिया आदिलाई मिलाएर निगमका लागि चारवटा जहाज किने, जहाज खरिदमा नियम–कानुनको पालना गरिएको थिएन । संसदीय समितिको प्रतिवेदनकै आधारमा ६ अर्ब रूपैयाँभन्दा बढी भ्रष्टाचार भएको थियो । त्यसमा सबै राजनीतिक दलका उच्च नेतृत्व संलग्न थिए । संसदीय समितिले अख्तियारलाई कारबाही गर्न निर्देशन गर्‍यो, तर अख्तियारले केही कारबाही गरेन । उसले गर्न सक्ने पनि थिएन । राजनीतिक दलको उच्च नेतृत्व संलग्न केसमा उसले हात हाल्ने कुरै भएन ।

केही वर्षपहिले आयल निगममा एक इन्जिनियर ठूलो सेटिङमा कार्यकारी निर्देशक भएर आए । उनी खान–खुवाउनमा अत्यन्तै उदार थिए । नियुक्ति पाएर आउँदाको खर्च, उच्च राजनीतिक नेतृत्वलाई बुझाउनुपर्ने खर्च अनि आफूलाई पनि केही चाहियो । उनलाई ठूलो रकम चाहिएको थियो, तत्काल जुक्ति निकाले । निजले आयल निगमका लागि जग्गा किन्ने प्रपञ्च मिलाए । स्थापित सम्पूर्ण नियम–कानुन मिच्दै उनले सिधै खोला बगर कमसल आदि जग्गालाई परल मोलको तेब्बर मोल दिएर अर्बौं रूपैयाँको जग्गा किने र उदारतापूर्वक उच्च राजनीतिक नेतृत्वलाई पैसा बाँडे । केही आफूले पनि राखे । त्यसबेलाका आपूर्ति मन्त्रालयको सचिव चलाख थिए, छन् । जग्गा खरिद प्रक्रिया सञ्चालक समितिमा आए उनी फस्ने थिए । उनले आफू नफस्न र काम पनि गर्न कार्यकारी निर्देशकलाई अख्तियारी दिए । अन्ततः उनलाई यस प्रकरणमा कुनै कारबाही भएन, राज्यको अर्बौं रूपैयाँ नोक्सान भयो ।

केही वर्षपहिले एक सञ्चारमन्त्रीले हाकाहाकी ७० करोड रूपैयाँ घुसको बार्गेनिङ गरे । संसदमा कुरा उठ्यो, उनले पदबाट राजीनामा दिए । उनको त्यो टेप कारबाहीका लागि अख्तियारमा गयो । अख्तियारले उनीमाथि कुनै कारबाही गरेन, संसदीय समितिले पनि केही गर्न सकेन । हालसालै टेरामेक्स खरिद प्रक्रियामा विभिन्न मन्त्रीसहित उच्च पदस्थ कर्मचारीले गैरकानुनी काम गरी अर्बौं रूपैयाँ घोटाला गरेका छन् भनी संसद्मा कुरा उठ्यो, तर कारबाही हुँदैन ।

बडो अचम्म छ, यो मुलुकमा माफिया, सिन्डिकेटधारी र उच्च राजनीतिक नेतृत्वको स्वार्थ नमिली कुनै ठूलो आयोजना आउँदैन । स्वार्थ मिले मुलुकले जे चुकाउनुपरे पनि त्यस्तो आयोजना आएर छोड्छ । नेपालमा अन्तर्राष्ट्रिय विमानस्थल निजगढमा चाहिएको छ तर आयो पोखरा र लुम्बिनीमा, जहाँ आवश्यकता नै थिएन । करिब पाँच अर्ब खर्च गरेर सिमरामा सेजको स्थापना भयो,

*बाँकी पृष्ठ ३ मा*

# म्याद नाघिसकेको औषधि खाए के हुन्छ ?



## ख्याल गरौं है !

जब हामी कुनै पनि वस्तु खरिद गर्छौं, हामी सामान्यतया त्यसको उपभोग्य मिति हेर्छौं। त्यस्तै औषधि किन्दा त्यसको पनि एक्सपाइरी डेट अर्थात् उपभोग्य मिति जाँच गर्नुपर्छ भन्ने सल्लाह चिकित्सकहरूले दिने गर्छन् ।

औषधि किन्दा मानिसहरू प्रायः हतारमा हुन्छन् । यस्तोमा औषधिको म्याद सकिएको छ कि छैन भनेर हेर्न नबिर्सियोस् भनेर यस्तो भनिएको हो । अहिले मानिसहरू यसबारे धेरै सचेत भइसकेका छन् र कुनै पनि औषधि सेवन गर्नुअघि एक पटक यसको मिति जाँच गर्छन् । तर उपभोग्य मिति सकिएको भएको औषधि सेवन गर्दा के हुन्छ भनेर कहिल्यै सोच्नुभएको छ ? म्याद सकिएको औषधि खाए के हुन्छ त ?

### के हो उपभोग्य मिति ?

विश्वभर हरेक औषधि कम्पनीले आफ्नो औषधिमा एक्सपायरी डेट लेखेको हुन्छ । औषधिमा दिइएको म्याद समाप्त हुने मिति भनेको कुनै पनि औषधिमा दिइएको म्याद सकिएपछि त्यसको सुरक्षा र प्रभावकारितासम्बन्धी कम्पनीको ग्यारेन्टी समाप्त हुनु हो ।

### उपभोग्य मिति सकिएको औषधि खाए के हुन्छ ?

प्रायः औषधिमा कुनै न कुनै प्रकारका रसायन हुन्छन् । सबै रासायनिक पदार्थहरूको विशेषता भनेको समयसँगै तिनीहरूको प्रभाव परिवर्तन हुन्छ । औषधिमा पनि यस्तै हुन्छ । धेरै पटक हावा, आर्द्रता, गर्मी आदिका कारण समय बित्दै जाँदा औषधिको प्रभावकारिता क्रमशः घट्दै जान्छ । यसकारण यसको साइड–इफेक्ट पनि हुन सक्छ । त्यसैले म्याद सकिएको औषधि सेवन गर्नुहुँदैन । म्याद नाघेका औषधि सेवन गर्नु जोखिमपूर्ण पनि हुनसक्छ । तर एक्सपायरी डेट भनेको त्यो मितिपछि औषधि विष बन्ने भन्ने पटक्कै होइन । आज औषधिको उपभोग्य मिति सकियो भोलिपल्ट त्यसलाई प्रयोग गर्दा नकारात्मक असर गरिहाल्ने होइन । एक्सपायरी डेटपछि औषधिको प्रभावकारिता कम हुने हो । औषधिको काम गर्ने क्षमता कम हुने हो ।

जस्तो, उदाहरणका लागि नराम्रो ब्याक्टेरिया मार्न एन्टिबायोटिक औषधि खान्छौं । तर यदि हामीले उपभोग्य मिति सकिएको एन्टिबायोटिक औषधि खायौं भने त्यो औषधिको प्रभावकारिता कम भएको कारण ब्याक्टेरिया मर्दैन ।

ब्याक्टेरिया नमरेपछि एउटा त बिरामी समयमा ठीक हुँदैन र अर्को 'एन्टिबायोटिक रेजिस्टन्स' संक्रामक जीवाणुहरूको औषधि प्रतिरोध गर्ने क्षमता विकास हुन्छ ।

### केही विशेष औषधिमा भने विशेष ध्यान दिनुपर्छ

कुनै जीवन रक्षक औषधिहरू भने उपभोग्य मिति सकिएपछि खानु हुँदैन । जस्तो, इन्सुलिन मधुमेहका रोगीका लागि निकै महत्त्वपूर्ण मानिने यो औषधिको म्याद सकिएपछि बिग्रिन थाल्छ । त्यसैले यो औषधि उपभोग्य मिति सकिएपछि प्रयोग नगर्नु राम्रो हुन्छ ।

नाइट्रोग्लिसरिन औषधि छाती दुख्ने अवस्थामा हृदयरोगीलाई दिइन्छ । यसलाई खोल्ने बित्तिकै यसको प्रभाव चाँडै घट्न थाल्छ । त्यसैले यसलाई पनि म्याद नाघेपछि प्रयोग गर्नु हुँदैन ।

रगत, खोप जस्ता औषधि तोकिएको समयावधि पछि प्रयोग गर्नु हुँदैन । साथै आइड्रप, इयरड्रप जस्ता औषधि पनि खोलिसकेपछि त्यो प्रदूषित हुने सम्भावना हुन्छ । त्यसैले यस्ता औषधि पनि उपभोग्य मिति सकिएपछि प्रयोग नगर्नु नै बेस हुन्छ ।

### झुक्किएर उपभोग्य मिति सकिएको औषधि खाए के गर्ने ?

यदि झुक्किएर उपभोग्य मिति सकिएको औषधि खाइयो भने कुनै पनि प्रकारको समस्याबाट बच्न चिकित्सकको सल्लाह लिनुपर्छ । कुन औषधि सेवन गरेको हो, कति मिति नाघेको औषधि सेवन गरेको हो त्यो अनुसार चिकित्सकले दिन्छन् । अवस्था खराब देखिएमा कलेजो र मिर्गौलाको परीक्षण गरिन्छ । यी सबै परीक्षणमार्फत औषधिको कुनै साइड-इफेक्ट छ कि छैन भनेर स्पष्ट हुन्छ ।

# कहाँ छ ... .. .

उद्योगीहरूलाई चाहिएकै छैन । त्यस्तै रकम खर्च गरेर चोभारमा सुक्खा बन्दरगाह सञ्चालन भयो । जुन आवश्यक नै छैन । यी आयोजना किन आए भन्दा यहाँ माफिया, बिचौलिया र उच्च राजनीतिक नेतृत्वको आर्थिक स्वार्थ पूरा भयो । आयोजना चलोस् वा नचलोस्, मुलुकलाई जतिसुकै घाटा परोस् उनीहरूलाई मतलब हुने विषय नै भएन ।

वि.सं. २०७० को दशकमा सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना घोषणा गऱ्यो । त्यसलाई प्राथमिकता दिएर सम्पन्न गर्ने भन्यो । जनता खुसी भए तर घोषणा गरिएका २७ आयोजना आज भ्रष्टाचारको अखडा भएका छन् । पूरा हुने छाँटकाँटै छैन । हरेक वर्ष बजेट बढ्दो छ, बजेट भनेको आम जनताको सम्पत्ति हो, आम जनताको ऋण हो । त्यसलाई दुरूपयोग गर्नु अपराध हो, तर सरकार त्यही गरिरहेको छ । करदाताप्रति विश्वासघात गरिरहेको छ ।

आम जनतासँग प्रत्यक्ष सरोकार स्थानीय निकायको रहन्छ । स्थानीय निकायमा भ्रष्टाचारको बोलबाला छ । उद्योगी व्यवसायीलाई अनावश्यक दुःख दिइन्छ । महँगो चुनावी खर्चले गर्दा त्यहाँका मेयर, उपमेयरहरू भ्रष्टाचारमा लिप्त छन् । नजिकैबाट युवाले हेरिरहेका हुन्छन्, उनीहरूलाई थप निराशा उत्पन्न हुन्छ । हाम्रो देश कस्तो होला, जहाँ सांसदले दिनभरि संसद् चलाउँछन् तर कानुन बनाउँदैनन् । एक कानुन बनाउन ८–१० वर्ष लाग्छ । सांसद हाजिर हुन्छन् र सुविधा बुझ्छन् तर बैठकमा भाग लिँदैनन् बैठकको कोरम पुग्दैन ।

शिक्षामा ग्रामीण क्षेत्रमा सरकारी शिक्षाको अवस्था दयनीय छ । सरकारले कसैलाई फेल नगराउने नीति लिएपछि त विद्यार्थीले पढ्नै नपर्ने भयो । विश्वविद्यालय तहमा पढाइको कुनै क्यालेन्डर छैन । कहिल्यै नियमित कक्षा सञ्चालन हुँदैन । विद्यार्थीको कोर्स कहिल्यै पूरा हुँदैन । परीक्षा दिन र परीक्षाको रिजल्ट निकाल्न १५ महिनासम्म लाग्छ । १५ महिना त्यो विद्यार्थी बिल्कुलै बेरोजगार भएर आफ्नो अमूल्य समय बिताइरहेको हुन्छ अनि त्यो विद्यार्थीलाई पढाइका लागि विदेश जाने सोच किन नआओस्, यसप्रति सत्तासीनले सोचेकै छैनन् ।

यहाँ भ्रष्टाचारले नछोएको कुनै क्षेत्र छैन । जनसरोकारका विषयमा अझ बढी भ्रष्टाचार छ । सर्वसाधारण, उद्योगी–व्यवसायीसहित आमनागरिक यसबाट पीडित छन्, सरकार रमिते छ । भ्रष्टाचार नियन्त्रण गर्न खोलिएको अख्तियार आयोग र सतर्कता अकर्मण्य छन् । महालेखा परीक्षकको प्रतिवेदनलाई कहिल्यै पनि सरकार, संसद्ले गम्भीरतापूर्वक लिएन । यो एक कर्मकाण्डी प्रथा भयो । महालेखा परीक्षकको प्रतिवेदनमा देखाइएको बेरूजुबाट कारबाही हुने डर कसैलाई पनि छैन ।

नेपालमा सीमावर्ती सबै सहरमा अवैध कारोबारले प्रश्रय पाएको छ । वैध कारोबारमा सरकारको कठोर नियमन एवं अवैध कारोबार बढाउन गरिएको नीतिगत निर्णयले बिस्तारै वैध कारोबार गर्न नसक्ने अवस्था छ । सत्तासीनका भ्रष्टहरू यसैमा रमाइरहेका छन् । सुधारको कुनै लक्षण देखापरेको छैन ।

नेपालको विकासको मेरूदण्ड भनेको कृषिक्रान्ति नै हो । कृषि विकासको लागि सरकारले ठूलो धनराशि खर्च गरिरहेको छ तर त्यो सही कृषकले नपाएर राजनीतिक दलका कार्यकर्ता, भ्रष्ट व्यक्ति वा बिचौलियाले मात्र पाउँछन्, सरकारी कर्मचारीको संलग्नताबिना यो सम्भव हुने कुरै भएन ।

सरकार काम नगर्ने वा भ्रष्ट काम गर्ने कर्मचारीलाई हटाउन सक्दैन । त्यस्तो नियम नै छैन ।

भूकम्प पीडितको अवस्था, सहकारी ठगीको अवस्था, लघुवित्त पीडितको अवस्था, लम्की स्किन आदिसँग सरकार गम्भीर छैन, केवल ओठे कुरा गर्नु बाहेक, जो पऱ्यो त्यो मऱ्यो ।

काठमाडौं ट्राफिक कार्यालयसहित अधिराज्य भर हजारौँ सवारीसाधन सडिरहेका छन् । यसको सही समाधानका लागि राज्यलाई कहिल्यै पनि चिन्ता लागेन । अर्बौं रूपैयाँ राज्यको नोक्सान भइरहेको छ । यो नोक्सान राष्ट्रको नोक्सान हो भन्ने भएन । युवाहरू यो बेथिति देखिरहेका छन् र बिदेसिँदै छन् । वास्तवमा यहाँका युवाहरू यहाँ बाटो घाटो नभएर, बिजुली नभएर विदेश गएका होइनन्, यहाँ सुशासन नभएर, भ्रष्टतन्त्रको अनुभूति गरेर र भ्रष्टतन्त्रभित्र आफ्नो भविष्य नदेखेर विदेश गएका हुन् ।

बढ्दो सञ्चार क्षेत्रको विकासले अहिले सबै समाचार नागरिकले थाहा पाउँछन् । घटनाक्रम पारदर्शी हुँदै छ । युवाहरू त्यो बुझिरहेका छन् । उनीहरू यस भ्रष्टतन्त्रमा आफ्नो भविष्य देख्दैनन्, रोजगारी सिर्जना भएको छैन र विदेश पलायन हुन्छन् । हामीले सुशासन दिन सकेनौँ, भ्रष्टाचार न्यूनीकरण गर्न सकेनौँ, शासनमा पारदर्शिता र जिम्मेवारी बोध हुन सकेन भने यो मुलुकलाई कसैले पनि बचाउन सक्दैन । सबैले समयमै मनन गरौँ ।

*(लेखक वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हुन् ।)*






# थाहानगर ८ नम्बर वडाको सह्रानीय कार्य: वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ८ को कार्यालयमा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। वडाका लाभग्राहीलाई बैंकसम्म पुग्न नपरोस भनेर वडाध्यक्ष हेम कुमार थिङले बैंकको सहयोगमा वडाबाटै भत्ता वितरण गरेका हुन् ।

वडा नम्बर ८ को भत्ता वितरणका लागि प्रभु बैंक दामन शाखाले सम्झौता गरेको थियो। ६ माघमा भत्ता वितरणका लागि प्रभु बैंक दामन शाखा प्रमुख र ाधाकृष्ण लामिछानेसहित र्कचारीहरू वडा नम्बर ८ को कार्यालय पुगेका थिए । वडाका कर्मचारी तथा जनप्रतिनीधिहरूले भत्ता वितरण कार्यमा सहयोग गरेका थिए । 'शनिबारै भएपनि बैंकका कर्मचारीहरू र वडा कमएचारी र जनप्रतिधिको सहयोगले भत्ता वितरण गरियो खुशी लागेको छ'–वडाध्यक्ष थिङले भने ।

भत्ता वितरणको सुरक्षाका लागि इलाका प्रहरी कार्यालय पालुङ र नगर प्रहरीले सघाएका थिए । बैंकसम्म भत्ता लिन जाँदा निकै कठिनाई हुने सम्झँदै ज्येष्ठनागरिकहरूले वडाबाटै भत्ता पाएपछि खुशी व्यक्त गरेका छन्। उनीहरूले बैंक, वडा कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद पनि दिए ।

# वित्तिय प्रगती २५ दशमलव १८ प्रतिशत

◆ विकास संवाददाता

मकवानपुरको मकवानपुरगढी गाउँपालिकाको वित्तिय प्रगती २५ दशमलव १८ प्रतिशत रहेको जानकारी दिइएको छ। पालिकाको ५ माघमा सम्पन्न १० औं नगरसभामापालिका उपाध्यक्ष मानकुमारी नेपाली पाख्रिनले यस्तो जानकारी दिएकी हुन् । पाकिाले चालु आर्थिक वर्षको हालसम्मको अवधिमा अनुमानित कुल आयको ४३ दशमलव ३ प्रतिशत लक्ष्य हासिल गरेको छ ।

मकवानपुरगढीको वडा नम्बर ८ स्थित बुढिचौरमा आयोजित गाउँसभाले चालु आर्थिक वर्ष २०८०/०८१ को बजेटमा केही संशोधन गर्दै पारित गरेको छ । चालु आर्थिक वर्षको बजेटको केही शीर्षकमा चार करोड २६ लाख ३६ हजार बजेट कटौती तथा केही शीर्षकका बजेट थपसहित गाउँसभाबाट पारित गरिएको पालिकाले जनाएको छ ।

चालु आर्थिक वर्षका लागि गाउँसभाले गत असारमा ७२ करोड ८२ लाख २ हजार ४६९ रूपैयाँको बजेट प्रस्तुत गरिएको थियो । सोही अनुरूप केही बजेट अपुग रहने भएकाले गाउँपालिकाका उपाध्यक्ष मानकुमारी नेपाली पाख्रीनले सभामा प्रस्तुत गरेको बजेट संशोधन प्रस्ताव पारित भएको हो ।

गाउँसभामा अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक संशोधन गर्न पालिकाको पूर्वाधार विकास समितिका संयोजक एंव वडा नम्बर २ अध्यक्ष बखानसिं पाख्रीनले पेश गर्नुभएको प्रस्तावलाई अर्थ समितिका संयोजक एवं वडा नम्बर ६ का अध्यक्ष कृष्णप्रसाद बजगाईले सर्मथन गरेपश्चात प्रस्तावहरू पारित भएको हो ।

## मकवानपुरगढी गाउँपालिकाको १० औं गाउँसभा



# स्वयंसेवकहरूले गरे सरसफाई कार्यक्रम

◆ विकास संवाददाता

थाहा नगरपालिकाको विभिन्न स्थानमा स्वयंसेवकहरूले सरसफाई गरेका छन् । काठमाण्डौबाट आएका राजमान (मानव) महर्जन नेतृत्वको टोलीले थाहाको पालुङ शहर, पाण्डुकेश्वर क्षेत्र, चित्लाङ, शिखरकोटलगायतको स्थानहरूमा सरसफाई कार्यक्रम सञ्चालन गरेका हुन् । टोलीले विश्व सरसफाइ कार्यक्रम अन्तर्गत थाहानगर का विभिन्न क्षेत्रमा कार्यक्रम गरिएका हुन् ।

उनीहरू सरसफाई सम्बन्धी सन्देश दिने र सरसफाई कार्यक्रम सञ्चालन गर्दे देशका विभिन्न स्थानहरूमा पुग्ने गर्दछन्। टोलीमा सुशीला महर्जन, लक्ष्मन महर्जन, दिलिप महर्जन र मैयाश्वरी महर्जनसहभागी थिए । स्तस्फूर्त रूपमा १४ वर्षदेखि यस किसमको कार्यक्रमहरू सञ्चालन गर्दे आएको राजमान मानवले जानकारी दिए ।

थाहा नगरपालिकाको वडा नम्बर २ मा भएको सरसफाई कार्यक्रममा वडाध्यक्ष बमबहादुर सिन्तानको विशिष उपस्थिती रहेको थियो ।

# पाथीभराको अध्यक्षमा कार्की निर्वाचित



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ फाँटबजारमा रहेको पाथीभरा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७ औं साधारण सभाले नबराज कार्की अध्यक्षमा निर्वाचित भएका छन् । कार्की अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित भएका हुन् ।

सहकारी संस्थाको उपाध्यक्षमा रामकुमार कार्की, सचिब भुपेन्द्र कुमार हमाल, सहसचिब मिना थापा तथा कोषध्यक्ष राधाकृष्ण बिष्ट निर्वाचित भएका छन् । सहकारी सञ्चालक समितिको सदस्यहरूमा अमराज कार्की, राजकुमार कार्की, मेनुका थापा र प्रमिला भटराई निर्वाचित भएको निर्वाचन अधिकृत रामशरण थापाले जानकारी दिए ।

सहकारीको लेखा समिति संयोजकमा मनोज कार्की तथा सदस्यहरूमा दिपक थापा र शंकर तामाङ निर्वाचित भएका छन् । यसअघि गोकर्ण बरूवाल अध्यक्ष थिए ।

# जनक माविलाई शिक्षक भलिबलको उपाधी




◆ विकास संवाददाता

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरको आयोजनामा भएको जिल्लास्तरीय रनिङ शिल्ड शिक्षक भलिबल प्रतियोगिताको उपाधी जनक मावि भिरकोटले जितेको छ ।

थाहा नगरपालिकाको नाटेश्वर मावि टौखेलमा भएको फाइनल खेलमा जिएस निकेतन विद्यालयलाई २५–१४, २५–१९, १८–२५ र २५–१५ को सेटले पराजित गर्दै जनकले उपाधी चुमेको हो । प्रतियोगिताको उपाधि विजेता टिमले २५ हजार रूपैयाँ, उपविजेता टिमले १५ हजार रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरे। मकवानपुर प्रतिनिधिसभा सदस्य तथा नेकपा एमाले बागमती प्रदेशका सचेतक महेश बर्तौलाले विजेता टिमलाई पुरस्कार प्रदान गरेका थिए। प्रतियोगितामा जनता मावि फापरबारी र नाटेश्वर माबी चित्लाङ सान्त्वना हुन सफल भए ।

मकवानपुर जिल्लाका सामूदायिक तथा संस्थागत गरी २० वटा विद्यालयको सहभागिता रहेको प्रतियोगितामा ४ माघबाट शुरू भएको थियो ।

हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडाको सार्वजनिक सन्देश

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद लगायतका घटनाहरू समयमै सम्बन्धित वडा कार्यालयहरूमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।

हेटौंडा उपमहानगरपालिका, ११ नम्बर वडा कार्यालय, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
9855068340/9802068340

# इन्द्रसरोवर गाउँपालिकामा नागरिक आरोग्य सेवा केन्द्रको उद्घाटन



◆ विकास संवाददाता

मकवानपुर इन्द्रसरोवर गाउँपालिकामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएको छ ।


४ माघमा स्थापना गरिएको आरोग्य केन्द्रको बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणी पौडेलले एक समारोहकाबीच उद्‌घाटन गरे । पौडेलले स्वास्थ्य क्षेत्रमा आयुर्वेदको विकास तथा विस्तार वैज्ञानिक प्रयोग रहेकोले आरोग्य सेवा केन्द्र स्थापना गर्नका लागि इन्द्रसरोवर गाउँपालिका मकवानपुरको प्रयास उदाहरणीय भएको बताए । उनले अन्य स्थानीय तहमा समेत आरोग्य सेवा केन्द्रको विकास तथा विस्तार गर्नुपर्ने धारणा प्रमुख अतिथि पौडेलको भनाइ थियो ।

बागमती प्रदेश सरकारका प्रथम पौडेलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संविधान सभा सदस्य अनन्त पौडेल, इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी, इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष उमा कुमारी लामा, इन्द्रसरोवर गाउँपालिकाका निवर्तमान अध्यक्ष जीवन लामा, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाका संयोजक चिरञ्जीवी चुडाल, मकवानपुर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख शंकर उपाध्याय, आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुरकी कार्यालय प्रमुख डा. ललिता पाण्डे, डा. रमेश चौधरी, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की, गाउँपालिकाका वडाध्यक्षहरू, गाउँकार्यपालिका सदस्यहरू, वडा सदस्यहरू, विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरू लगायतको उपस्थिति रहेको थियो ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुर र इन्द्रसरोवर गाउँपालिकाद्धारा संयुक्त रूपमा सञ्चालित नागरिक आरोग्य सेवा केन्द्र, कुलेखानी मकवानपुरको उद्‌घाटन समारोह जिल्ला आयुर्वेद केन्द्र मकवानपुरका अध्यक्ष मधु बजगाईंको अध्यक्षतामा भएको थियो । गाउँपालिकाको सर्वाङ्‌गिण क्षेत्रको विकासका साथै विशेष शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा आफ्नो ध्यान केन्द्रित रहेको र इन्द्रसरोवरमा आरोग्य सेवा केन्द्रको स्थापना स्वास्थ्य क्षेत्रको विकासको लागि थप प्रयास रहेको गाउँपालिका अध्यक्ष पुडासैनीले बताए । उक्त आरोग्य केन्द्रबाट निरन्तर सेवा प्रवाह गर्नका लागि गाउँपालिकाबाट एक जना वैद्यको व्यवस्था गरिएको र आगामी दिनमा आरोग्य केन्द्रलाई क्रमिक रूपमा स्रोत र साधनले सम्पन्न बनाउँदै अकुपन्चरसम्मको सेवा प्रवाह गरिने समेत गाउँपालिका अध्यक्षले बताए ।

कार्यक्रममा उपस्थित करिब १ सय २८ जना नागरिकहरूको निःशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श सेवा र निःशुल्क औषधि वितरण समेत गरिएको थियो ।

# मुलपानी घट्‌टेखोला झोलुङ्‌गे पुलको निर्माण कार्य अन्तिम चरणमा



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर १ र ३ जोड्ने झोलुङ्‌गे पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । वडा नम्बर ३ को नयाँवस्ती र १ नम्बर वडाको टाहाखेल जोड्ने मुलपानी घट्‌टेखोला झोलुङ्‌गे पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको हो ।

गत २०८० असार १५ गते निर्माण सम्पन्न हुने झोलुङ्गे पुलको निर्माण सक्ने गरी २०७९ पुस १२ गते सम्झौता भएको थियो । ४३ लाख ६१ हजार २ सय ८८ रूपियाँ कुल लागत रहेको झोलुङ्‌गे पुलको लागि थाहा नगरपालिकाले ५ लाख ६६ हजार ९ सय ६७ रूपियाँ लगानी गरेको छ भने समुदायले ८७ हजार २ सय २५ रूपियाँको श्रमदान गरेका छन् । बाँकी बजेट झोलुङ्‌गे पुल क्षेत्रगत कार्यक्रमले सहयोग गरेको हो ।

सामाजिक तथा प्राविधिक सहयोग राडो नेपालले गरेको उक्त पुलको लम्बाइ ८७ मीटर रहेको छ । पुल निर्माणसंगै ४ सय १० घर परिवारका १ हजार ९ सय ९१ जना नागरिक लाभान्वित हुने अपेक्षा गरिएको छ ।

# थाहामा 'मेयर वडास्तरीय तरकारी पकेट प्याकेज'

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ मा कृषि क्षेत्रमा नयाँ कार्यक्रम ल्यायो । कृषकहरूलाई यान्त्रिकरणतर्फ उन्मुख गराउन पालिकाले ल्याएको कार्यक्रम हो–'मेयर वडास्तरीय तरकारी पकेट प्याकेज कार्यक्रम' यहि कार्यक्रम अन्तर्गत पालिकाको २ नम्बर वडामा किसानहरूलाई कृषि सामाग्री वितरण गरिएको छ । थाहा नगरपालिकाले १ भाद्रमा सूचना प्रकाशित गरी मेयर वडास्तरीय तरकारी पकेट प्याकेज कार्यक्रम सञ्चालनका लागि निवेदन आव्हान गरेको थियो ।

नगरपालिकाले आव्हान गरेको सूचनाका आधारमा मापदण्ड पुगी छनोट भएको श्री जनता कृषक समूह, थाहा–२ अन्तर्गतका किसानहरूलाई ५ माघमा ७ एच.पि. क्षमताको पेट्रोल प्रयोग हुने २२ वटा मिनिटिलर, र एउटा पानी तान्ने पम्प वितरण गरिएको कृषि शाखा प्रमुख संजय तिवारीले जानकारी दिए । अघिल्लो आर्थिक वर्षको पकेट कार्यक्रम निरन्तरता स्वरूप ५० प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन गरिएको शाखा प्रमुख तिवारीले जानकारी दिए ।

कार्यक्रमको अवसरमा थाहा नगरपालिका वडा नम्बर २ ले किसानहरूका लागि ५० वटा स्प्रे पम्प वितरण गरेको छ । तरकारी पकेट कार्यक्रम संचालन निर्देशिका अनुसार सञ्चालन भएको मेयर वडास्तरीय तर कारी पकेट प्याकेज कार्यक्रमबाट



नगरको कम्तीमा १४० रोपनी क्षेत्रफलका दरले तीन स्थानमा कार्यक्रम सञ्चालन गर्ने पालिकाको योजना छ । किसानहरूले कृषि उपकरण पाएपछि नगरपालिकाप्रति आभार व्यक्त गरेका छन् । दैनिक जीवनशैली नै कृषिमा आधारित भएपश्चात् प्राप्त उपकरणले कृषि कर्ममा लाग्न थप उत्साह थपिएको प्रतिक्रिया दिए ।

थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर बिष्टले नगरलाई तरकारीको पकेट क्षेत्रका रूपमा विकास गर्न पाउनु नगरको लागि ठूलो अवसर भएको उल्लेख गरे । 'हाम्रो नगर कृषि र पर्यटनमा आधारित नगर हो', प्रमुख विष्टले भने "किसानको हितका निम्ति हुने कामलाई नगरपालिका एकचित्त भएर सहयोग गर्न तयार छ ।' कार्यक्रममा थाहा नगर पालिकाका उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, २ नम्बर वडा अध्यक्ष बम बहादुर सिन्तान, कृषि विकास अधिकृत विकास विक, कृषि प्राविधिक राजकुमार श्रेष्ठ, वडा कृषि प्राविधिक विनिता विष्ट, वडा जनप्रतिनिधिहरू तथा किसानहरूको उपस्थिति रहेको थियो ।

# चेतनशील महिला सहकारीद्वारा एक समूहसहित उत्कृष्ट ३ जनालाई सम्मान

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका नम्बर ३ मा रहेको चेतनशील महिला बचत तथा ऋण सहकारी संस्थाले एउटा महिला विकास समूहसहित ३ जनालाई सम्मान गरेको छ । संस्थाको १९ औ साधारणसभाको अवसरमा ५ माघमा संस्थामा कारोबार गर्नेहरू मध्येबाट उत्कृष्ट कर्जा तर्फ सन्ध्या नेपाल, उत्कृष्ट बाल बचतमा प्राप्ति बिष्ट, उत्कृष्ट बचततर्फ रूपा केसी र उत्कृष्ट महिला विकास समूहतर्फ शुभकामना समूहलाई सम्मान गरिएको हो ।

सभामा प्रमुख अतिथी तथा थाहानगर प्रमुख बिष्णु बहादुर बिष्टले संस्थाले आर्थिक कारोबारलाई मात्र जोड नदिई थाहानगरमा हुने महिला हिंसाको विरूद्धमा पनि १९ वर्षदेखि निरन्तर लागिपरेकोमा सहकारीको प्रशंसा गरे । विष्टले आगामी दिनमा पनि महिलाको आर्थिकस्तर सुधार र नारी मनोसामाजिक कार्यमा अगाडी बढ्न अग्रणी भुमिका खेल्नु पर्ने बताउँदै यसका लागि स्थानीय सरकारको तर्फबाट सहयोग हुने उल्लेख गरे । सभामा सहकारीकी कोषाध्यक्ष कल्पना बिष्टले आर्थिक प्रतिवेदन पेश गर्दै संस्थाको सेयर पुँजी ३२ लाख १५ हजार ३ सय पुगेको र जगेडा कोष २ लाख ६२ हजार १ सय ७२ रूपैयाँ, बचत हिसाब १ करोड ३८ लाख ६५ हजार र ऋण लगानी १ करोड ५२ लाख १ हजार ५ सय रूपैयाँ रहेको बताइन् ।



सस्थाकी अध्यक्ष शकुन्तला गोपालीले सहकारीको नीति नियम भित्र रहि निःस्वार्थ रूपले कर्तव्य निष्ठ भइ संस्था अगाडि बढाउदै समाजको आर्थिक सामाजिक रूपान्तरणको अभियानमा सहकारी अडिग रहेको बताइन् । साधारण सभाका थाहानगरको ३ नम्बर वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझी, थाहानगर सहकारी शाखा प्रमुख अस्मिता तिवारी घिमिरे, पालुङ बहुउद्देश्यीय सहकारीकी सदस्य रिता कार्की, कुण्डलदेबी बहुउद्देश्यीय सहकारीका सरोज रायमाझी, फरक सोचक अध्यक्ष यादवजंग रायमाझी, दामन चेली समाजका पुर्व अध्यक्ष जयन्ती र ायमाझीलगायत स्थानीय संघसंस्थाका प्रमुखहरू शेयर सदस्यहरू, पत्रकारहरूको उपस्थिति रहेको थियो ।

संस्थाकी अध्यक्ष शकुन्तला गोपालीको सभाध्यक्षतामा भएको थियो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# सुखी भविष्यको अध्यक्षमा प्रधान निर्वाचित

◆ विकास संवाददाता

थाहा नगरपालिका वडन नम्बर ३ थाना बजारस्थित सुखी भविष्य वचत तथा ऋण सहकारी संस्था लि.मा सुरेन्द्रमान प्रधानको नेतृत्वमा नयाँ सञ्चालक समिति निर्वाचित भएको छ । ६ माघमा विकास घरमा सम्पन्न १४ औं वार्षिक साधारणसभा तथा चौथो अधिवेशनले प्रधानको अध्यक्षता सञ्चालक समिति निर्वाचित भएको निर्वाचन अधिकृत भूमिराज अवस्थीले जानकारी दिए ।



समितिको उपाध्यक्षमा ज्ञानेन्द्र अधिकारी, सचिवमा बिक्रम केसी, कोषाध्यक्षमा बिक्रम श्रेष्ठ, सदस्यहरूमा दिपराज लामिछाने, राजेन्द्र भुजेल र दिलमाया तामाङ निर्विरोध निर्वाचित भएका छन् । यसैगरी लेखा सुपरिवेक्षण समितिको संयोजकमा सुजन कुमार रायमाझी, सदस्यहरूमा सुर्य बहादुर दोङ र कमल बहादुर कार्की निर्वोरोध निर्वाचित हुनु भएको छ ।

थाहा नगरपालिका सहकारी शाखाका प्रमुख अस्मिता तिवारी घिमिरेको प्रमुख आतिथ्यता र संस्थाका अध्यक्ष प्रधानको अध्यक्षमा सभा सम्पन्न भएको हो । सभामा अध्यक्ष प्रधानले आगामी वर्षका लागि नीति तथा कार्यक्रम प्रस्तुत गरे भने कोषाध्यक्ष रेशम विष्ट बैदेशिक भ्रमणमा रहेकोले सचिव विक्रम केसीले नै आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सभाको अवसरमा प्रमुख अतिथि तिवारी, सहयोगी वचत तथा ऋण सहकारी संस्थाका सचिव धर्म प्रधानलगायतले शुभकामना मन्तव्य व्यक्तः गरिन् । सभाको अवसरमा साधारण वचततर्फ थाहा ४ का राम गोतामे, थाहा २ का सन्तबहादुर पोडे, दैनिक वचततर्फ थाहा ९ का राजु श्रेष्ठ, थाहा १ का गौरी प्रधान, उत्कृष्ट कर्जातर्फ थाहा ४ का निर्मला तामाङ, थाहा ९ का मानबहादुर स्याङ्तान र कर्मचारीतर्फ केशव कुमार प्रधान सम्मानित भए ।

# घरमै पुरगेर नागरिकताको प्रमाणपत्र वितरण

◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरले भीमफेदी गाउँपालिकाको दुईजना जन्मजात पूर्णशारीरिक र मानसिक असक्तलाई घरमै नागरिकताको प्रमाणपत्र बितरण गरेकोछ । जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सरोज पौडेल, नासु सहदेब आचार्य र अस्विनीकुमार अर्यालको टोलील भीमफेदी गाउँपालिका–८ इपाका बिर्खबहादुर थिङको २० वर्षकी छोरी सुनिता थिङ र १६ वर्षको छोरा सुरेन्द्र थिङलाई घरमै पुगेर नेपाली नागरिकताको प्रमाणपत्र हस्तान्तरण गरेका हुन् ।

नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्नु सबै नागरिकको अधिकार भएको र कार्यालयमा उपस्थित हुन नसक्ने शारीरिक र मानसिक रूपमा पूर्णअसक्तलाई घरमै पुगेर नागरिकता प्रदान गरिएको प्रशासकीय अधिकृत सरोज पौडेलले बताए । पौडेलले अशक्तलाई घरमै नागरिकता ओर्लेर करिब २ घण्टा हिडेर घरमै पुगि नागरिकता प्रदान गरिएको बताए । नागरिकता बितरणको लागि भीमफेदी गाउँपालिका–३ का वडाअध्यक्ष प्रितिलाल लामा, समाजसेवी अप्सरा लोप्चन, अमृत बललगायतले सहयोग गरेका थिए ।

भौगोलिकरूपमा दुर्गम र पूर्णअसक्त आफ्ना छोरा छोरीलाई घरमै आएर नागरिकता प्रदान गरेकोमा जिल्ला प्रशासन कार्यालय मकवानपुर र स्थानीय सबैलाई बिर्खबहादुर थिङले धन्यवाद दिए ।


## मोबाइलको लतबाट बालबालिकालाई बचाऔं !

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मष्तिष्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

*अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## बालअधिकारप्रति संवेदनशील बनौं ।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकास र सहभागिताको अधिकारको सुनिश्चित गरौ, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

**बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।**

हेटौडा उपमहानगरपालिका
३ नंम्बर वडा कार्यालय
बसामाडी, हेटौडा, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी